# गुल्मीदरबार गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## गौडाकोट, गुल्मी

लुम्बिनी प्रदेश

च.नं. :
पत्र संख्या : २०७८/०७९

## आन्तरिक आय तर्फको सिलबन्दी दरभाउ पत्र आह्वान सम्बन्धी सूचना

**ठेक्का नं.: GDRM/IR/SQ-12/2078-079**
**(दोस्रो पटक प्रकाशित मितिः २०७८/१२/०३)**

स्थानीय सरकार संचालन ऐन २०७४, को दफा ६२क. र यस गुल्मीदरबार गाउँपालिकाको आर्थिक ऐन, २०७८ को दफा ७ को व्यवस्था बमोजिम तपशिलमा उल्लेखित नदीहरुको स्वीकृत घाटहरुबाट निर्धारित मापदण्ड बमोजिम नदीजन्य पदार्थ उत्खनन् गरी प्रदेश कानून बमोजिम तोकेको दरमा बिक्री गर्ने गरी ठेक्का बन्दोबस्त गर्नुपर्ने भएकाले ईच्छुक व्यक्ति, फर्म वा कम्पनीहरुले तपसिल बमोजिमका शर्तहरुको अधिनमा रही दरभाउ पत्र खरिदको लागि यो सूचना प्रकाशन गरिएको छ ।

**आ.व.२०७८/०७९ को आन्तरिक आय ठेक्का विवरण**

| सि. नं. | सूचना नं./ सिलबन्दी दरभाउपत्र नं. | सिलबन्दी दरभाउ पत्रको नाम | उत्खनन् परिमाण | न्यूनतम सिलबन्दी अङ्क(सेवाशुल्क र मू.अ.कर बाहेक) (रु.) | सिलबन्दी दस्तुर (रु.) | धरौटी रकम (रु.) |
|---|---|---|---|---|---|---|
| १. | GDRM/IR/SQ-12/2078-079 | गुल्मीदरबार गाउँपालिकाको वडा नं.१ को खौवा घाट, मालेबगर क्षेत्र र वडा नं २ को घोराहाफाँट वगर क्षेत्रबाट ढुङ्गा, गिट्टी, वालुवा, रोडा आदिको निकासी | १,२३,४१५.२५ घ.फिट (३,४९४.५० घ.मी) | ६,१७,०७६.०० | १,०००.०० | २०,०००.०० |

**ठेक्का सम्बन्धी शर्तहरु:**

१. दरभाउ पत्र खरिद गर्न इच्छुक फारम वा कम्पनीहरुले दरभाउपत्र खरिद गर्नको लागि व्यवसाय, फर्म दर्ता प्रमाणपत्र प्रतिलिपी (नविकरण सहित) आ.व. ०७७/७८ सम्मको करचुक्ता प्रमाणपत्रको प्रतिलिपि, स्थानी लेखा नम्बर, मु.अ.कर प्रमाणपत्रको प्रतिलिपि र नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपि सहित कार्यालय समयमा म्याद भित्र दरभाउ पत्र फारम खरिद गर्न सकिनेछ ।

२. ठेक्का अवधि ठेक्का नं. आ.व. २०७८/७९ जेष्ठ मसान्त सम्म रहनेछ । बन्द, हडताल, प्राकृतिक प्रकोप वा अन्य, कुनै विशेष परिस्थितिका कारण काम सूचारु नभएको अवस्थामा कुनै पनि किसिमको क्षतिपूर्ति दावी गर्न पाइने छैन् । IEE प्रतिवेदनले निषेध गरेको अवधि तथा नदी क्षेत्रबाट सामग्री उत्खनन गर्न पाईने छैन । तर विभिन्न स्थानमा थुपारी राखिएको मौज्दात सामग्री नियमानुसार विक्री तथा निकासी गर्न सकिने छ ।

३. कबुल अंकको थप मुल्य अभिवृद्धि कर १३% राजश्व ठेक्का लिने फर्मले सम्बन्धीत आन्तरिक राजश्व कार्यालय र १.५% अग्रिम आय कर कोष तथा लेखा नियन्त्रक कार्यालयको राजश्व खातामा बुझाई सो को सक्कल भौचर यस कार्यालयमा पेश गर्नु पर्ने छ ।

४. सिलबन्दी दरभाउ पत्रको दस्तुर रु. १,००० यस कार्यालयको Global IME Bank गौंडाकोटमा रहेको आन्तरिक राजस्व खाता नं. C604010000007 मा नगद दाखिला गरेको भौचर दरभाउ पत्र साथ संलग्न गरी पेश गर्नु पर्ने छ।

५. धरौटीबापत बापतको रकम रु. २०,०००.०० यस कार्यालयको Global IME Bank गौंडाकोटमा रहेको धरौटी खाता नं. C604010000004 मा नगद दाखिला गरेका सक्कल भौचर वा दरभाउ पत्र दाखिला गर्ने अन्तिम मितिबाट (४५+३०) दिन सम्म म्याद भएको बैंक जमानत (विडवण्डको सक्कल प्रति) दरभाउपत्र साथ संलग्न गरी पेश गर्नु पर्ने छ ।

६. रित नपुगी आएको दरभाउ पत्र उपर कुनै कारवाही हुने छैन् ।

लक्ष्मण पाण्डे
प्रमुख प्रशासकीय अधिकृत

७. उपरोक्त ठेक्काको लागि सूचना प्रकाशित भएको मितिले सातौं दिन (मिति २०७८/१२/०९) (उक्त दिन सार्वजनिक बिदा परेमा सो को भोली पल्ट) सम्म कार्यालय समय भत्र दरभाउ पत्र खरिद गरी (मिति २०७८/१२/१०) (उक्त दिन सार्वजनिक बिदा परेमा सो को भोली पल्ट) दिनको १२ बजे भित्र यस कार्यालयमा सिलबन्दी सहित बुझाउनु पर्ने छ । प्राप्त बोलपत्रहरु सोहि दिन दिनको २ बजे गाउँपालिकाको कार्यालयमा खोलिने छ ।

८. कबोल रकम अंक र अक्षरमा स्पष्ट उल्लेख गर्नुपर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिइने छ ।

९. कुनै किसिमको परिस्थिती देखाई ठेक्का रकम मिनाह सम्बन्धी कुनै माग कार्यालयलाई स्वीकार्य हुने छैन ।

१०. प्रचलित ऐन, नियम, कानुन, सम्झौता र सूचनाको शर्त विपरित कार्य गरेमा जुनसुकै अवस्थामा कार्यालयले ठेक्का तोड्न सक्ने छ, र त्यसबाट कार्यालयलाई हानी नोक्सानी भएमा ठेक्का लिने पक्षबाट सरकारी बाँकि सरह असूल उपर गरिने छ ।

११. यस कार्यालयमा पेश हुन आएका दरभाउ पत्र, दरभाउ पत्र दाता वा निजको प्रतिनिधीको रोहवरमा खोलिने छ तर दरभाउ पत्र दाता वा निजको प्रतिनिधी सो समयमा उपस्थित नभए पनि दरभाउपत्र खोल्न बाधा पर्ने छैन ।

१२. ढुङ्गा, गिट्टी, बालुवा, रोडा जन्य बस्तु आदिको संकलन उत्खन्न तथा निकासीका सम्बन्धमा जिल्ला स्तरीय अनुगमन समिति, गुल्मीदरबार गाउँपालिकाले दिएका सुझाव तथा निर्देशनहरु ठेक्का लिने पक्षले पूर्ण रुपले पालना गर्नु पर्नेछ ।

१३. उपरोक्त अनुसार उल्लेख भएका शर्तहरुको हकमा यसै अनुसार हुने, उल्लेख नभएका विषयमा प्रचलित ऐन, कानुन तथा ठेक्का स्वीकृति पश्चात गरिने सम्झौता अनुसार हुने छ । ठेक्कामा कुनै विवाद भएमा गुल्मीदरबार गाउँपालिका कार्यालयको कार्यपालिकाको निर्णय अन्तिम हुने छ ।

१४. दरभाउ पत्र स्वीकृत गर्ने, नगर्ने वा रद्द गर्ने सम्बन्धी अधिकार गाउँपालिकामा निहित रहने छ ।

१५. अन्य विस्तृत जानकारीको लागि यस कार्यालयको फोन नं. ९८५७०६७९१२ र ९५७०८५२१४ मा सम्पर्क राख्न सकिने छ ।

२०७८/१२/०३
लक्ष्मण पाण्डे
प्रमुख प्रशासकीय अधिकृत